**आरुघाट गाउँपालिका**

# स्थानीय राजपत्र

**भाग : २** **खण्ड: ५** **संख्या : ६**

**पारित भएको मिति: २०८०/०४/१९**

**प्रकाशित मिति : २०८०/०४/२१**

## प्रसुती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि,२०८०

# प्रसुती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि,२०८०

**प्रस्तावना**

आरुघाट गाउँपालिका भित्र रहेका सबै वर्ग र समुदायका गर्भवती तथा सुत्केरी महिलाहरुलाई स्वास्थ्य सस्था सम्म जान आउनको लागि प्रोटोकल अनुसार पूर्व प्रसुती तथा उत्तर प्रसुती सेवा प्रदान गर्न सिलसिलामा जटिलता उत्पन हुन सक्ने वा माथिल्लो स्तरको सेवा सुबिधा आवस्यक परेमा समयमै माथिल्लो तहको स्वास्थ्य सस्थामा प्रेषण गरि मातृ तथा नवजात शिशुको अवस्थामा गम्भीर समस्या हुनबाट जोगाई मातृ मृत्यु दर घटाउने उदेश्यले स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (२) एवं आरुघाट गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरि आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "प्रसुती महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन कार्यविधि ,२०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिती देखि आरुघाट गाउँपालिका भित्र लागु हुनेछ ।

**२.परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका " भन्नाले नेपालको संविधान बमोजिमको गठन भएको आरुघाट गाउँपालिका लाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले  गाउँ कार्यपालिकाको प्रमुख लाई सम्झनु पर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(घ) "नवजात शिशु" भन्नाले जन्मे देखि २८ दिन भित्रको उमेर समुह भनि सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "प्रसुती केन्द्र"भन्नाले गाउँपालिका भित्र रहेका प्रसुती केन्द्रहरुलाई सम्झनु पर्दछ ।

(छ)"प्रोटोकल" भन्नाले नेपाल सरकारले तोके बमोजिम गर्भवती अवस्थामा ८ पटक र सुत्केरी अवस्थामा ४ पटक चेकजाँच गर्ने कार्य सम्झनु पर्दछ ।

(ज)"समिति" भन्नाले एम्बुलेन्स संचालन ,व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य सस्था " भन्नाले आरुघाट गाउँपालिकाको भित्र रहेका अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकीहरु ,आधारभूत स्वास्थ्य केन्द्र ,सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनु पर्दछ ।

**३.उदेश्यः**यस कार्यक्रमको उदेश्य मातृ तथा नवशिशुको मृत्युदरको जोखिमलाई समयमै पहिचान गरि मृत्युदर निवारण गर्न सहयोग पुराउने साथसाथै आवश्यक सेवा सुविधा सम्पन स्वास्थ्य सस्थामा प्रेषण गरि भविष्यमा आउन सक्ने जटिलतालाई समयमै व्यवस्थापन गर्ने हो ।

## परिच्छेद-२

## एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति

**४.निःशुल्क एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) निःशुल्क एम्बुलेन्स सेवा संचालनको व्यवस्थापन,अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारी रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका प्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) संयोजक,सामाजिक विकास समिति | -सदस्य |
| (घ) प्रमुख,ईलाका प्रहरी कार्यालय,आरुघाट | -सदस्य |
| (ङ) प्रतिनिधि,रेडक्रस सोसाइटी,आरुघाट | -सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## एम्बुलेन्स सेवा प्रदान गर्ने आधार र प्रक्रिया

**५.एम्बुलेन्स सेवा प्रदान गर्ने आधार :**देहाय बमोजिमको आधारमा स्वास्थ्य सस्था सम्म वा प्रेषण भएका गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क सेवा प्रदान गरिनेछ ।

(क) गाउँपालिका भित्रको बासिन्दा भई यो सेवा प्रथम पटक उपभोग गर्न लागेको हुनुपर्नेछ ।

(ख) केशको जटिलताले गर्दा माथिल्लो तहको सेवा सुबिधाको आवस्यकता भई सेवा उपलब्ध गराउन नसक्ने अवस्था रहेको ।

(ग) निःशुल्क एम्बुलेन्स सेवा गर्भवती तथा सुत्केरी महिला लाई सम्बन्धीत स्वास्थ्य सस्था सम्म आउन वा गन्तव्य स्थल सम्म पुराउनको लागि मात्र उपलब्ध गराइनेछ ।

**६.एम्बुलेन्स सेवा प्रदान गर्ने प्रक्रियाः** (१) यो सेवा उपभोग गर्नका लागि निवेदनको साथमा स्वास्थ्य सस्थाको सिफारिश,स्वास्थ्य सस्थाबाट प्रेषण गरेको प्रेषण पुर्जाको प्रतिलिपि बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स प्रयोग गरे वापत लाग्ने भाडा शुल्कको नगदी रसिद र अनुसूची १ बमोजिमको भरपाई बुझाउनु पर्नेछ ।

(३) एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा अनुगमन समितिले जिल्ला दररेटले निर्धारण गरे बमोजिम तथा अनुगमन समितिले स्थानीय भाडा दर तोके बमोजिम रसिद हेरी स्वास्थ्य शाखाको माध्यमद्वारा गाउँपालिकाले भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

**७. अभिलेख राख्नु पर्ने** :यस कार्यक्रम बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख सम्बन्धित स्वास्थ्य सस्था वा प्रसुती केन्द्रमा राख्नु पर्नेछ ।

**८. प्रतिवेदन पेश गर्नु पर्ने :**

(१) कार्यक्रमको प्रतिवेदन मासिक रुपमा स्वास्थ्य सस्था वा प्रसुती केन्द्रले स्वास्थ्य शाखालाई,स्वास्थ्य शाखाले समितिलाई र समितिले प्रत्येक ३ (तीन) महिनामा भए गरेको काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२)कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजानिक गर्ने पर्नेछ ।

**९. खर्च र लेखापरीक्षणः** कार्यक्रमको संचालनको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

**१०.व्याख्या,संशोधन र खारेजी :** यो कार्यविधि व्याख्या,संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिका निहित रहने छ ।

**११.प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची-१**

**(दफा ६ को उपदफा २ सङ्ग सम्बन्धित)**

**निःशुल्क एम्बुलेन्स सेवाको भरपाई**

म....................................... ले स्वास्थ्य सस्थामा प्रसुती सेवा लिनका लागि आरुघाट गाउँपालिका द्वारा संचालित निःशुल्क एम्बुलेन्स सेवा मार्फत ................................................ स्वास्थ्य सस्था/अस्पताल बाट ......................................अस्पताल/प्रा.स्वा.के/स्वास्थ्य चौकी सम्म निःशुल्क एम्बुलेन्स सेवा लिएको कारणले यो भरपाई गरिदिए ।

| प्रसुती महिलाकोः | प्रेषण गर्नेः | प्रेषण गरिएको |
|---|---|---|
| नामः | स्वास्थ्यकर्मीको नामः | सस्थाको नामः |
| ठेगाना : | पद : | ठेगानाः |
| उमेर : | काउन्सिल नंः | छाप : |
| सम्पर्क नंः | | |
| दस्तखतः | | |
| सेवा लिएको मिती : | | |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत